नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९   अंक १६१   २०७६ साल माघ १० गते शुक्रबार (24 Jan. 2020 Friday)   मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते लागू भएको देवानी संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- मासिक बीस हजार रुपैयाँभन्दा बढीमा घर बहालमा दिँदा घर बहालमा लिने दिने व्यक्तिले लिखित सम्झौता गर्नु पर्ने,
- काम लगाउने व्यक्तिले काम गर्ने व्यक्तिलाई कामको अनुपातमा ज्याला दिनु पर्ने,
- पचास हजार रुपैयाँ भन्दा बढी रकम लेनदेन गरी घरसारमा तयार भएको लिखत स्थानीय तहबाट प्रमाणित गराउनु पर्ने,
- धर्मपुत्र धर्मपुत्री राख्दा जिल्ला अदालतबाट प्रमाणीकरण गराउनु पर्ने,
- सार्वजनिक पदाधिकारीले पदीय हैसियतमा नाम र दर्जा खुलाई कुनै लिखतमा हस्ताक्षर गर्नु पर्नेमा सो नगरे पाँचसय रुपैयाँसम्म जरिवाना हुन सक्ने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सुत्केरी हुन पुरुषको निर्णय ... ३ पृष्ठमा : सबै स्थानीय तहमा ... ३ पृष्ठमा : चीनमा कोरोनभाइरसका ...

# राष्ट्रिय सभा सदस्यमा प्रदेश २ बाट नेकपा-राजपा गठबन्धन बिजयी



**दैनिक समाचारदाता**
**जनकपुरधाम, ९ माघ ।**

राष्ट्रिय सभा सदस्य पदका लागि बिहीबार सम्पन्न निर्वाचनमा प्रदेश २ बाट नेकपा-राजपा गठबन्धनका उम्मेदवारहरु बिजयी भएका छन् ।

प्रदेश २ मा राष्ट्रिय सभा निर्वाचनका अल्पसंख्यक समुदायतर्फ राजपाका शेखर कुमार सिंह, अन्य समूह तर्फबाट राजपाकै मृगेन्द्र कुमार सिंह यादव, दलित समूहतर्फबाट नेकपाका राधेश्याम पासवान र महिला समूहतर्फबाट नेकपाकै तुलसा दाहाल बिजयी भएका छन् ।

राष्ट्रिय सभा निर्वाचनका लागि चार सीटमा नेकपा-राजपाले गठबन्धन गरि दुई दुई सीटमा उम्मेदवारी दिएका थिए । यता नेपाली काँग्रेस-समाजवादी पार्टीले अर्को गठबन्धन बनाई दुई दुई सीटमा उम्मेदवारी दिएका थिए । जस अनुसार ४ सिटमा ८ जनाको उम्मेदवारी परेको थियो ।

प्राप्त मतपरिणाम अनुसार शेखर सिंह ९ सय ९०, मृगेन्द्र कुमार सिंह यादव ८ सय ८८, राधेश्याम पासवान ४ सय ८८, तुलसा दाहाल ४ सय ६८ मतअन्तरले बिजयी भएका छन् ।

यसअघि बिहीबार सम्पन्न निर्वाचनमा ३ सय ७९ जनाले मतदान गरेका थिए । प्रदेश सांसद १ सय ७ र स्थानीय तहका प्रमुख तथा उपप्रमुख २ सय ७२ जना

*बाँकी तीन पृष्ठमा*

# घुससहित जिप्रकाका कर्मचारी पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

अख्तियारको टोली बिहीबार दिउँसो जिल्ला प्रशासन कार्यालय सप्तरीका एक कर्मचारीलाई सेवाग्राहीसँग घुस लिँदै गर्दा पक्राउ गरेको छ ।

जिल्ला प्रशासन कार्यालय सप्तरीमा तीन वर्षदेखी करार

*बाँकी तीन पृष्ठमा*

# बुद्ध एयरको जहाज उडाउने तयारी पुरा




**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

आउँदो माघ १८ गते शनिवारदेखी राजविराजबाट बुद्ध एयरले नियमित उडान गर्ने सम्पूर्ण तयारी पुरा गरेको छ । बुद्ध एयरले साताको सातै दिन उडान भर्ने तयारी गरेको छ ।

राजविराजस्थित उधोग बाणिज्य संघ सप्तरीको सभाकक्षमा बिहीबार पत्रकार सम्मेलनको आयोजना गरि बुद्ध एयरलाइन्स विमान कम्पनी राजविराजका स्टेशन इन्चार्ज अनिल राजबंशीले सो जानकारी गराएका हुन् ।

पत्रकार सम्मेलनमा स्टेशन इन्र्चाज राजवंशीले सप्तरीका साथै उदयपुर, सिरहा, सुनसरी तथा सिमावर्ती भारतीय क्षेत्रका यात्रुलाई समेत लक्षित गरेर थालिएको उडान सेवा काठमाडौंबाट राजविराज ११ बजेर

*बाँकी तीन पृष्ठमा*

**दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित**



**छिन्नमस्ता डेरी उद्योग**
**सिरहा रोड, राजविराज ७, खरसाल टोल**
**मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७**



**हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।**




***नोट :-*** **विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।**




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय

### सडकमा गरिने व्यापारलाई व्यवस्थित गरौं

राजविराजको अति व्यस्त मानिने कचहरी रोडमा विगत झैं तरकारी र पशु बिक्रि गर्नेदेखी लिएर अव्यवस्थित रुपमा विभिन्न सवारीसाधान राखिएको देखिन्छ। जबकी तरकारी बजार र पशु बजार समेत बेग्लाबेग्लै स्थानमा लाग्ने गर्दछ। तर, रोडमै बजार लगाउने बानी हालसम्म सुधार भएको देखिन्न्। यस सडकको छेउ र बिचमै पशुहरुको बिक्रि बितरण बढेको कारण यातायातमा कठिनाई हुनुका साथै मानिसहरुलाई हिंडडुलमा पनि समस्या परेको छ। प्राय गरि हटिया लाग्ने दिन सोमबार र बिहीबार यस सडकको बिचमै पशुहरुको बिक्रि बितरण भइरहको कारण मानिसहरुलाई हिडडुलमा कठिनाई भएको हो। यस सम्बन्धि सम्बन्धीत निकायको कुनै चसो देखिनन्।

त्यस्तै सो सडक छेउमै रहेको मालपोत कार्यालयमा आउने सेवाग्राहीले आफ्नो सवारीसाधान सडक छेउमै राख्नाले समेत सडक साँघुरो हुँदै गएको छ। यसबाहेक पसलेहरुले आफ्नो सामान पेटीमै राखि बिक्रि बितरण गर्दै आइरहेकोले मानिसहरुलाई हिडडुलमा समस्या भएको छ।

यस्ता समस्या निराकरणका लागि राजविराज नगरपालिका गम्भिर रुपमा लाग्नु उत्तिकै आवश्यक छ भने व्यक्ति, पसले समेतले यसप्रति सचेत हुनु जरुरी छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

**डा. सुशील मोहन दास**

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन**

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# सुत्केरी हुन पुरुषको निर्णय कुर्नुपर्ने अवस्था अन्त्य हुँदै, श्रीमानसँगै रहनुपर्ने

काठमाडौँ, ९ माघ (रासस)।

शिशु कसरी जन्माउने ? प्राकृतिक (नर्मल) अथवा शल्यक्रिया (अप्रेशन) मार्फत। यी विधि गर्भवतीको रोजाइले भन्दा श्रीमान्, घरपरिवार र स्वास्थ्यकर्मीको निर्णयले नेपालमा प्राथमिकता पाइरहेको छ।

स्वास्थ्य संस्था अथवा घरमा सुत्केरी व्यथाले छट्पटाइरहेकी श्रीमतीको दुःखको साक्षी प्रायः श्रीमान् हुँदैनन्। उनीको साथमा आमा, सासु, दिदीबहिनी अन्य महिला नै हुने गर्दछन्। सुत्केरी हुने अवस्थामा श्रीमान् अनिवार्य हुनुपर्ने प्रावधान विकसित देशमा रहेको बताइन्छ। कतिपय देशमा श्रीमान्को अनुमतिविना चिकित्सकले गर्भवती जाँचसमेत गर्दैनन्। श्रीमान्लाई साथमा राखेर सेवा दिन्छन्।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा सञ्चालित जुम्ला अस्पतालले गर्भवतीले आफूले चाहेको विधिमा सुत्केरी हुन पाउने र विशेषगरी सुत्केरी हुन लागेको अवस्थामा श्रीमान् अथवा घरपरिवार अनिवार्य साथमा रहनुपर्ने अभ्यासलाई प्रयोगमा ल्याउने तयारी थाल्दै छ। त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालले ती अभ्यासलाई पहिलोपटक व्यवहारमा ल्याएको थियो। प्रसूति तथा स्त्रीरोगसम्बन्धी केन्द्रीय अस्पताल परोपकार प्रसूतिगृह थापाथलीले सो अभ्यासलाई हालसम्म व्यवहारमा ल्याउन सकेको छैन। सुत्केरी हुन लागेको अवस्थामा रहेकी महिलाका साथमा स्वास्थ्यकर्मी मात्र रहन्छन। पुरुषलाई निषेध छ। परिवारका आफन्तले सुत्केरीलाई मुस्किलले भेट्न पाउँछन्।

प्रतिष्ठानकी नर्सिङ डीन सरस्वती गौतम भट्टराईले प्राकृतिकरूपमा सहज सुत्केरी गराउन जुम्ला अस्पतालले छुट्टै बर्थिङ सेन्टर (सुत्केरी केन्द्र) स्थापना गर्न लागेको जानकारी दिनुभयो। 'चिकित्सकले जटिल भनेर सिफारिश गरेका बाहेक' अन्य गर्भवतीलाई प्राकृतिकरूपमा सुत्केरी गराउन मिडवाइफले सेवा दिने उहाँले जानकारी दिनुभयो। अस्पतालमा पछिल्लो समय शल्यक्रियामार्फत सुत्केरी गराउन निरुत्साहित हुँदै आएको छ।

"नर्मल विधिबाट डेलिभरी हुन पाउनु महिलाको अधिकार हो, शल्यक्रिया त जटिल अवस्थामा दोस्रो विकल्प हो। पहिलो विकल्प हुँदाहुँदै दोस्रोको प्रयोगलाई न्यूनीकरण गर्ने हाम्रो ध्येय हो", उहाँले भन्नुभयो, "सुत्केरी हुने अवस्थामा श्रीमान् अथवा घरपरिवार नजिक हुँदा आत्मबल उच्च हुन्छ। शिशु निकाल्न शक्ति उत्पन्न हुन्छ। यसैले सुत्केरी हुँदा नजिक परिवारको अनिवार्य खोजी गरिएको हो।"

सुत्केरी गराउन, आमा र नवजात शिशुको स्याहार तथा परिवार नियोजनका सेवा प्रदान गर्न मिडवाइफलाई उत्कृष्ट मानिन्छ। पछिल्लो समय प्राकृतिकभन्दा शल्यक्रियामार्फत सुत्केरी गराउने सङ्ख्यामा वृद्धि भइराखेको जनाइएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले नवजात शिशु, शिशु, पाँच वर्षमुनिका बालमृत्युदर तथा मातृमृत्युदर घटाउन मिडवाइफ जनशक्ति उत्पादनलाई उच्च प्राथमिकतामा राखेको छ।

हाल चिकित्सा विज्ञान प्रतिष्ठान (न्याम्स)बाट पहिलो समूहमा नौ मिडवाइफ जनशक्ति उत्पादन भएका छन्। काठमाडौँ विश्वविद्यालयले सो विषयमा अध्यापन शुरुआत गराएको छ। यहाँस्थित संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (युएनएफपीए)ले ती दुई निकायलाई प्राविधिक सहयोग गरेको जनाइएको छ। अगामी वर्षदेखि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान पाटन र बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानले ती विषयमा अध्यापन गराउने तयारी गर्दैछन्।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले जुम्ला अस्पताल, कर्णाली र सुदूरपश्चिम प्रदेशलाई आवश्यक पर्ने मिडवाइफ जनशक्ति उत्पादन गर्न गत वर्षदेखि मिडवाइफमा तीनवर्षे स्नातक कार्यक्रम सञ्चालन ल्याएको थियो। हाल गत वर्षका छ र यस वर्षका १० जनाले सो विषय अध्ययन गरिराखेका छन्। "ज्ञान, सीप र व्यवहार तीनै पक्षबाट विद्यार्थीलाई उत्कृष्ट बनाउन प्रतिष्ठानले उच्च ध्यान दिएको छ। हाम्रा जनशक्ति विश्वबजारमा प्रतिष्पर्धा गर्न सक्ने हुन्छन्। पाठचक्रम स्थानीय होइन, अन्तरराष्ट्रियस्तरको हो", प्रतिष्ठानकी नर्सिङ डीन भट्टराईले भन्नुभयो।

सो विषयमा स्नातक तह अध्ययन गरिराखेका विद्यार्थीको ज्ञान, सीप र व्यवहार मापन गर्न प्रतिष्ठानले 'दक्षता मापन विधि' को मस्यौदा तयार पारेको छ। बुधबार सम्पन्न तीनदिने विशेषज्ञ बैठकले नेपाल नर्सिङ काउन्सिलले कार्यान्वयनमा ल्याएको मिडवाइफ पाठचक्रम निर्देशिका र मिडवाइफको अन्तरराष्ट्रिय महासङ्घले निर्धारण गरेका ३१८ बुँदाका आधारमा विधि तयार पारेको प्रतिष्ठानका नर्सिङ प्रमुख निर्मलाकुमारी पहाडीले जानकारी दिनुभयो। अब सैद्धान्तिक ज्ञानबाट प्राप्त अङ्क र मापन विधिका आधारमा विद्यार्थीको मूल्याङ्कन हुने छ।

**नर्सिङभन्दा मिडवाइफ केयर उत्कृष्ट**

बिरामीसँगको भेटमा शिर निहुऱ्याएर नमस्कार गर्नुपर्ने, हँसिलो अनुहारमा मुस्कुराउँदै प्रस्तुत हुनुपर्ने, आफ्नो परिचय दिनुपर्ने, शिष्ट र मर्यादित भाषामा बोल्नुपर्ने, बिरामीको गोपनियतालाई विशेष ध्यान दिनुपर्ने, सुत्केरी गराउँदाका चिकित्सकीय हरेक चरणलाई अनुशरण गर्नुपर्नेलगायतका ज्ञान, सीप र व्यवहारलाई समावेश गर्ने बुँदा मापनमा समावेश गरिएका छन्।

जुम्ला अस्पतालमा गत वर्ष करीब ७०० सुत्केरी भएका थिए। तीमध्ये न्यून मात्रमा शल्यक्रिया भएको प्रतिष्ठानका प्रशासकीय अधिकृत अमृत भण्डारीले जानकारी दिनुभयो। एक जना आमा तथा जवजात शिशुले अकालमा मृत्युवरण गर्नुपरेको थिएन।

मिडवाइफ अध्ययनत एक विद्यार्थीले कम्तीमा एक सयभन्दा बढी गर्भवतीको जाँच, ५० को प्राकृतिक (नर्मल) सुत्केरी, सुत्केरी गराउँदा सकेसम्म चिकित्सकीय उपकरण प्रयोग गर्न नहुने, दशको जटिल शल्यक्रिया, कम्तीमा ५० गर्भवतीको पाठेघरको मुखको जाँच अनिवार्य गर्नुपर्ने प्रावधानलाई प्रतिष्ठानले लागू गरेको छ। नर्सिङ काउन्सिलको मिडवाइफ पाठचक्रमको निर्देशिकामा सोही प्रावधान रहेको अध्यक्ष गोमा निरौलाले जानकारी दिनभयो। आमा र बच्चाको सुरक्षा गर्न मिडवाइफ जनशक्ति अति आवश्यक मानिन्छ। उहाँले भन्नुभयो, "गर्भवती आमा, सुत्केरी गराउन तथा नवजात शिशुका लागि नर्सिङ केयरभन्दा मिडवाइफ केयर महत्वपूर्ण हुन्छन्। मिडवाइफले सकेसम्म नर्मल डेलिभरीमा जोड दिन्छन्। परिवार योजनामा दक्षता बढी हुन्छ।"

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान नर्सिङ विभागका प्रमुख सरला केसी नवजात शिशु मृत्यु, बालमृत्यु तथा मातृमृत्युदर घटाउने विभिन्न विधिमध्ये दक्ष सुत्केरी सेवा रहेको र मिडवाइफले प्रदान गर्ने सेवा विशिष्टकृत हुने बताउनुभयो। उहाँले भन्नुभयो, "जुम्लामा स्नातक तहको मिडवाइफ अध्ययनले प्रजनन स्वास्थ्यमा सुधार ल्याउने छ। प्रतिष्ठानले तयार गरेको मापदण्डलाई पाटनले अगामी दिनमा अनुशरण गर्ने छ।"

प्राकृतिकरूपमा हुने सुत्केरीले आमा र नवजात शिशुको स्वास्थ्यलाई फाइदा हुन्छ। दक्ष स्वास्थ्यकर्मीको अभावमा कर्णालीका आमाले अकालमा मृत्युवरण गर्न नपरोस् भनेर जनशक्ति उत्पादन गर्न प्रतिष्ठानले मिडवाइफको अध्ययन अध्यापन शुरुआत गरेको प्रतिष्ठानका उपकुलपति प्रा डा राजेन्द्रराज बाग्ले बताउनुभयो। उहाँले भन्नुभयो, "एमबीबीएस र एमडीजिपी तहका शैक्षिक कार्यक्रम सञ्चालन गर्न प्रतिष्ठानले शैक्षिक जनशक्ति, पूर्वाधार र उपकरणका तयारी पूरा गरेको छ। सरकारको अनुमतिको पर्खाइमा छौँ।"

कर्णाली प्रदेशका १० जिल्लामा गत वर्ष १७ लाख ४३ हजार जनसङ्ख्या पुगेको सामाजिक विकास मन्त्रालयले प्रक्षेपण गरेको थियो। प्रदेशमा २७४ बर्थिङ सेन्टरमा ३४७ दक्ष प्रसूतिकर्मी रहेका छन्। पछिल्लो स्वास्थ्य सर्वेक्षणअनुसार प्रदेशमा कूल प्रजननदर २.८ रहेको छ। किशोरावस्था (१५-१९) मा गर्भावस्था १९, आधुनिक परिवार नियोजनका साधन प्रयोगदर (१५-४९) को ४५ प्रतिशत रहेको छ। स्वास्थ्य सस्थामा प्रसूति हुने ६७, दक्ष प्रसूतिकर्मीद्वारा प्रसूति हुने ५५, पाँच वर्षमुनिका बालमृत्युदर प्रतिहजार जन्ममा ५८, शिशुमृत्युदर ४८ र नवजात शिशु मृत्युदर २९ अझै रहेको छ।


स्वर्ण अवसर ! स्वर्ण अवसर !! स्वर्ण अवसर !!!



के तपाई राजविराजमा राम्रो गर्ल्स होस्टलको खोजीमा हुनुहुन्छ। यदि हुनुहुन्छ भने तपाईको घर देखि टाढा तर घर जस्तै सुविधा भएको "स्टुडेन्ट गर्ल्स होस्टललाई" सम्झनुहोस्।

**सम्पर्क**

स्टुडेन्ट गर्ल्स होस्टल राजविराज-७, सप्तरी

(सिडियो कार्यालय देखि ५० मिटर पश्चिम)

फोन नं.- ०३१-५२१७९३, मो.-९८५२८२११९३

९८०१५२१७९३

# सबै स्थानीय तहमा बैंकका शाखा : लक्ष्य नजिक सरकार

काठमाडौँ, ९ माघ (रासस)।

सबै स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुऱ्याउने सरकारको योजना पूरा हुने क्रममा पुगेको छ। आम नागरिकमा सहजरूपमा वित्तीय सेवा पुऱ्याउने उद्देश्यले सरकारले शुरु गरेको अभियान लक्ष्यको नजिक पुगेको नेपाल राष्ट्र बैंकले हालै सार्वजनिक गरेको वित्तीय विवरणमा उल्लेख छ। स्थानीय तहमा नै बैंक तथा वित्तीय संस्थाको शाखा खुलेपछि लामो समय लगाएर सदरमुकाम धाउनुपर्ने अवस्थाको अन्त्यसमेत भएको छ।

केन्द्रीय बैंकका अनुसार कूल ७५३ स्थानीय तहमध्ये अब १० स्थानीय तहमा मात्रै वाणिज्य बैंकका शाखा खुल्न बाँकी छ।

बाँकी रहेका स्थानीय तहमा पनि वाणिज्य बैंक शाखा खोल्न तयार भए पनि सुरक्षा, सूचना प्रविधिको पहुँच तथा उपयुक्त घरको अभावमा जटिलता देखिएको छ। बैंकले हालै सार्वजनिक गरेको चालू आर्थिक वर्षको पाँच महिनाको विवरणअनुसार कूल ७५३ मध्ये ७४३ स्थानीय तहमा वाणिज्य बैंकका शाखा खुलेका छन्।

बैंकका अनुसार प्रदेश नं १ का कूल १३७ स्थानीय तहमध्ये अब एक स्थानीय तहमा मात्रै वाणिज्य बैंकले शाखा खोल्न बाँकी रहेको छ। यस्तै प्रदेश नं २ का कूल १३६ स्थानीय तहमध्ये १३५ स्थानीय तहमा बैंक पुगेका छन्। यस्तै सङ्घीय राजधानीसमेत रहेको वाग्मती प्रदेशमा कूल ११९ स्थानीय तहमध्ये ११७ स्थानमा बैंकका शाखा पुगेका छन्।

केन्द्रीय बैंकका अनुसार गण्डकी प्रदेशका कूल ८५ स्थानीय तहमध्ये ८४ मा बैंकका शाखा खुलेका छन्। प्रदेश नं ५ का सबै स्थानीय तहमा वाणिज्य बैंकका शाखा खुलेका छन्। वित्तीयरूपमा सो प्रदेशका सबै स्थानीय तहमा शाखा खुलेर पहुँच स्थापित भएको छ। कर्णाली प्रदेशका कूल ७९ स्थानीय तहमध्ये ७८ स्थानीय तहमा बैंकका शाखा खुलेका छन्। सुदूरपश्चिम प्रदेशका कूल ८८ स्थानीय तहमध्ये ८४ मा वाणिज्य बैंकका शाखा खुलेका छन्।

स्थानीय तहमा बैंकको शाखा पुऱ्याउने सरकारको लक्ष्यलाई आत्मसात् गर्दै आफूहरुले पनि दुर्गम क्षेत्रमा शाखा खोलेको प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शेरचनले जानकारी दिनुभयो। प्रभु बैंकले डोल्पाको शे-फोक्सुण्डो गाउँपालिकाको साल्दाङमा समेत बैंकको शाखाको विस्तार गरेको छ।

समुद्री सतहदेखि करिब चार हजार २०० मिटरको उचाइमा रहेको साल्दाङस्थित शे-फोक्सुण्डो शाखा कार्यालयबाट उच्च हिमाली क्षेत्रका सर्वसाधारणलाई बैंकले सेवा दिने लक्ष्य राखेको छ।

यस्तै सनराइज बैंक, एनएमबी बैंकले पनि राष्ट्र बैंकले तोकेको स्थानमा आफ्ना शाखा खोली वित्तीय सेवा दिएका छन्। एनएमबी बैंकका प्रमुख कार्यकारी अधिकृत सुनिल केसीले पनि राष्ट्र बैंकले दिएको निर्देशनअनुसार नै आफूहरुले स्थानीय तहमा शाखा विस्तार गरेको बताउनुभयो। राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाको सङ्ख्या गत मङ्सिर मसान्तसम्म कूल १६५ रहेको छ। त्यसमा २७ वाणिज्य बैंक, २४ विकास बैंक, २२ वित्त कम्पनी, ९१ लघुवित्त संस्था र एक पूर्वाधार विकास बैंक छन्। बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या नौ हजार २९७ पुगेको छ। गत असार मसान्तमा त्यस्ता शाखा सङ्ख्या कूल आठ हजार ६८६ रहेको थियो।

केन्द्रीय बैंकका अनुसार बैंक तथा वित्तीय संस्था गाभ्ने तथा गाभिने एवं प्राप्ति हुने प्रक्रिया शुरु भएपश्चात् गत मङ्सिर मसान्तसम्म कूल १८१ बैंक तथा वित्तीय संस्था एकआपसमा गाभिएका छन्। त्यसमध्ये १३८ संस्थाको इजाजतपत्रसमेत खारेज भएका छन्।

राष्ट्रिय समाचार समिति (रासस) सँगको अन्तवार्ताका क्रममा अर्थमन्त्री डा युवराज खतिवडाले सबै स्थानीय तहमा बैंकको शाखा खोल्ने क्रम लक्ष्यको नजिक पुगेको बताउनुभएको थियो। उहाँले केही स्थानीय तहमा सूचना, प्रविधि पुग्न बाँकी रहेको र केहीमा सुरक्षाको प्रबन्धलगायतको काम पूरा हुनेवित्तिकै शाखा खुल्ने विश्वास व्यक्त गर्नुभएको थियो। वित्तीय समावेशीताका लागिसमेत अनिवार्यरूपमा बैंक तथा वित्तीय संस्थाका शाखा खुल्नुपर्ने र नागरिकमा वित्तीय पहुँच स्थापित हुनुपर्नेछ।

### घुससहित ...

सेवामा कार्यालय सहयोगि पदमा कार्यरत केशव कुमार यादवलाई सेवाग्रहीसँग चार हजार रुँपैया घुस लिँदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्षेत्रिय कार्यालय इटहरीको टोलीले पक्राउ गरेको हो।

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका महुली निवासी ३० वर्षिय यादव विगत तीन वर्षदेखी करार सेवामा मुद्दा फाँटमा कार्यरत थिए। सोही फाँटमा रहेको मुद्दा मिलाइदिने भन्दै एक सेवाग्राहीसँग चार हजार रुँपैया घुस लिएको अवस्थामा उनलाई पक्राउ गरिएको आयोगले जनाएको छ।

यता पक्राउ परेका यादवलाई बिहीबारै आवश्यक कारवाहीका लागि आयोगको क्षेत्रिय कार्यालय इटहरी लगिएको जनाइएको छ।

### बुद्ध एयरको ...

२५ मिनेटमा तथा राजविराजबाट काठमाडौंका लागी १२ बजेर २० मिनेटमा प्रस्थान गर्ने समय तालिका निर्धारण गरिएको जानकारी दिए।

नियमित उडान सेवाले पर्यटन प्रवर्द्धनका साथै भ्रमण वर्ष २०२० लाई पनि सफल बनाउन मद्दत पुग्ने उनले विश्वास व्यक्त गरे।

पत्रकार सम्मेलन सप्तरी उधोग बाणिज्य संघका अध्यक्ष अरुण प्रधानले बुद्ध एयरले साताको सातै दिन उडान सेवा संचालन गर्दा जिल्लाको विकासमा समेत सकारात्मक परिर्वतन ल्याउने भन्दै उडानको पहिलो दिन राजविराज विमानस्थलमा पाइलट तथा दलका अन्य सदस्य तथा बुद्ध एयरका संचालकहरुलाई उधोगी व्यवसायीहरुको तर्फबाट भब्य स्वागत गर्ने तयारी गरिएको जानकारी दिए।

उनले नियमित उडानको खबरले सप्तरीवासी मात्र नभई छिमेकी, सुनसरी, सिरहा, उदयपुर र सिमावर्ती भारतीय क्षेत्रका यात्रु पनि उत्साहित भएको भन्दै यसले नेपाल सरकारले घोषणा गरेको भ्रमण वर्ष २०२० लाई सफल बनाउन पनि निकै टेवा पुऱ्याउने विश्वास व्यक्त गरे।

यसअघि श्री एयरलाईन्सले साताको तीन दिन उडान सेवा दिदै आएकोमा बुद्ध एयरले भने साताका सबै दिन एक/एक वटा उडान गर्ने भएको छ।

### राष्ट्रिय सभा ...

गरी ३ सय ७९ लागि छुट्टाछुट्टै मतदान केन्द्र बनाएर निर्वाचन सम्पन्न भएको थियो।

यता पार्टीको ह्वीप विपरीत नेपाली जनता दलका पर्साको पोखरिया नगरपालीका र कालिकामाई गाउपालीका प्रमुखले मतदान गरेका थिए। पार्टीले कुनै गठबन्धनलाई भोट नहाल्न ह्वीप लगाएको थियो। यता ह्वीपको अवज्ञा गरे पदमुक्त हुने पार्टीले जनाएको छ।


हनुमाननगर कंकालिनी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

हनुमाननगर, सप्तरी

प्रदेश नं. २, नेपाल

visit nepal 2020 Lifetime Experiences

पत्र संख्या : २०७६/०७७

चलानी नं.: ११०६

मिति : २०७६/१०/०६ गते

विषय : छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम संचालन सम्बन्धमा।

श्री वडा कार्यालय सबै।
हनुमाननगर कंकालिनी नगरपालिका

उपरोक्त सम्बन्धमा मुख्य मन्त्री बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत मिति २०७५।१०।०१ गते पछि जन्मेका बालिकाहरुको लागि छोरी शिक्षा विमा/मुद्दती बचत खाता कार्यक्रम संचालन हुने हुँदा तपसिलको मिति, स्थान र समयमा उल्लेखित वडाहरुको अभिभावकहरु आवश्यक कागजात सहित उपस्थित भई दिन जानकारीका लागि अनुरोध छ।

**तपसिल**

| | | |
|---|---|---|
| वडा नं. १, २, ३, ४, ६, ८ | र | वडा नं. ५, ७, ९, १०, ११, १२, १३, १४ |
| मिति : २०७६।१०।११ गते | | मिति : २०७६।१०।१२ गते |
| स्थान : पोर्ताहा मा.वि. | | स्थान : नगरपालिका भवन |
| समय : बिहान १०:०० बजे | | समय : बिहान १०:०० बजे |

**आवश्यक कागजातहरु :**

१. छोरी/बालिकाको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी।
२. अभिभावक मध्ये एक/दुवै जनाको नागरिकता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी।
३. छोरीको पासपोर्ट साईजको फोटो-६ प्रति।
४. अभिभावक/संरक्षकको पासपोर्ट साईजको फोटो-६ प्रति।
५. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाण-पत्रको प्रतिलिपी, संरक्षत्व ग्रहण गरेको प्रमाणको प्रमाणित प्रतिलिपी।
६. छोरी शिक्षा विमा र मुद्दती बचत खाताको लागि वडा कार्यालयबाट सिफारिस पत्र।

वोधार्थ:
१. श्री इलाका प्रहरी कार्यालय, भारदह
२. श्री इलाका प्रहरी कार्यालय, हनुमाननगर

प्रमुख प्रशासकीय अधिकृत


## विश्व समाचार

# चीनमा कोरोना भाइरसका ५ सय ७१ सङ्क्रमित

बेइजिङ, ९ माघ (रासस/सिन्ह्वा)।

चीनमा कोरोना भाइरसको सङ्क्रमणका बिरामीको सङ्ख्या ५७१ जना पुगेको जानकारी चिनियाँ स्वास्थ्य क्षेत्रका अधिकारीले दिएका छन्।

बुधबार साँझसम्म चीनका अधिकारीहरुले उक्त सङ्क्रमणबाट बिरामी हुनेको सङ्ख्या ५७१ पुगेको स्वास्थ्य अधिकारीले बिहीबार जानकारी दिएका छन्।

कोरोना भाइरस सङ्क्रमणको सबैभन्दा बढी प्रभावित मानिएको क्षेत्र चीनको हुबेई हो। हुबेई प्रान्तको वुहान सहरमा यसको बढी प्रभाव देखिएको र त्यहींबाट नै यसको उत्पत्ति भएकोले पशुबजारमा पनि कडा नियमन गरिएको छ।

चीनका विभिन्न २५ प्रान्तमा यो भाइरसको सङ्क्रमण फैलिएको छ। स्थानीय प्रशासनले जङ्गली जनावर र पशु बजारका क्षेत्रमा कडाई गर्न निर्देशन दिइएको बताएको छ।

यसका साथै मानिसको बढी आवतजावत हुने विमानस्थल, बसपार्क र रेलमार्ग स्टेसनमा पनि स्वास्थ्य जाँचको प्रबन्ध मिलाइएको अधिकारीले जानकारी दिएका छन्।

हुबेई प्रान्तमा नै यसबाट धेरैको ज्यान गएको छ। चीनका स्वास्थ्य मन्त्री ली बिनले कोरोना भाइरसबाट हुबेई प्रान्तमा नै १७ जनाको ज्यान गएको जानकारी दिनुभएको छ।

मृत्यु हुनेमध्ये धेरै ४८ देखि ८९ वर्ष उमेरका व्यक्ति रहेको पनि जनाइएको छ। यो सङ्क्रमणको संख्यामा करिब पाँच हजार ९०० जनालाई उपचारार्थ भर्ना गरिएको थियो।

यसबाट निको भएर करिब एक हजार जना व्यक्ति अस्पतालबाट घर पनि फर्किएका छन् तर उनीहरुलाई पनि विशेष निगरानीमा राखिएको बताइएको छ।

चीनको वुहानको जनसङ्ख्या भन्डै एक करोड रहेको छ। त्यसैले उक्त सङ्क्रमणको उत्पत्ति भएको सो क्षेत्रमा सरकारले बढी निगरानी राखिरहेको पनि बताइएको छ।

बुधबार प्राप्त एक समाचारमा अमेरिकाको सियाटलमा एक जना व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण भएको अमेरिकी अधिकारीले जनाएका छन्। चीनको हुबेइबाट केही दिनअघि अमेरिका फर्किएका एकजना अमेरिकी नागरिकमा यसको सङ्क्रमण भेटिएको हो।

त्यसैगरी जापानको राजधानी टोकियोमा पनि एक जना व्यक्तिमा कोरोना भाइरसको सङ्क्रमण देखिएको अधिकारीले जनाएका छन्।

दक्षिण कोरिया, ताइवान, हङकङ, मकाउ र थाइल्याण्डमा पनि यस सङ्क्रमणका एक-एक जना भेटिएका छन्।

# अमेरिकी सीमातर्फ हिँडेका दुई हजार बढी व्यक्ति मेक्सिकोमा पक्राउ

मेक्सिको सिटी, ९ माघ (रासस/एएफपी)।

मेक्सिकोका आप्रवासन अधिकारी देशको दक्षिणी सिमानामा दुई दिनअघि पक्राउ परेका व्यक्तिका बारेमा आधिकारिक तथ्याङ्क बुधबार सार्वजनिक गरेको छ। ग्वाटेमालाबाट सीमा पार गरेर मेक्सिकोतर्फ प्रवेश गरेका २,००० भन्दाबढी व्यक्तिलाई उद्धार गरिएको मेक्सिकोले जनाएको छ।

नेशनल इन्स्टिच्युट अफ माइग्रेसन (आईएनएम)का अधिकारीका अनुसार पक्राउमा परेका व्यक्तिमा एक हप्ता अगाडि होन्डुरस छाडेका "२०२० काराभान"मा आबद्ध व्यक्तिसहित अन्य ठाउँबाट देशभित्र प्रवेश गरेका धेरै व्यक्ति रहेका छन्। यी व्यक्ति मेक्सिको हुँदै संयुक्तराज्य अमेरिका प्रवेश गर्ने योजनामा थिए।

आइएनएमले करिब १,३०० व्यक्तिलाई टाबास्को र अरु ८०० जना चियापास क्षेत्रमा पक्राउ गरिएको जनाएको छ।

बुधबार, मेक्सिकोका दुई दक्षिणी राज्यबाट सरकारी हवाई जहाज र बसमार्फत ४६० जना होन्डुरसका नागरिकलाई उनीहरुकै देश फिर्ता पठाइएको मेक्सिकोको गृह मन्त्रालयले जनाएको छ।

ग्वाटेमालाको टेकुन उमान हुँदै क्याराभानमा संलग्न सयौं व्यक्तिले सोमबार बिहान सीमावर्ती सुसिएट नदी पार गर्ने प्रयास गरेका थिए। उनीहरुले मेक्सिकोका अधिकारी समक्ष संयुक्तराज्य अमेरिका प्रवेशका लागि यात्रा अनुमतिको माग गरेका थिए।

मेक्सिकोका अधिकारीले जवाफ नदिएपछि उनीहरु जबर्जस्ती नदी तर्न थालेका थिए। यस मौसममा नदी त्यति गहिरो छैन। तर मेक्सिकोको सेनाले उनीहरुमाथि तितरबितर बनाउन र फिर्ता गर्न अश्रुग्यास प्रहार गरेको थियो।

सेनाको कारबाहीका बाबजूद करिब ५०० व्यक्ति अवैधानिकरूपमा मेक्सिको प्रवेश गर्न सफल भएका थिए, यद्यपि तीमध्ये करिब ४०० लाई पछि पक्राउ गरिएको थियो।

मध्यअमेरिकी राष्ट्र एल साल्भाडोर, ग्वाटेमाला र होन्डुरसमा व्याप्त गरिबी र हिंसाका कारण भागेका हजारौं व्यक्ति सुरक्षित भविश्यको खोजीमा मेक्सिको पार गर्दै संयुक्तराज्य अमेरिकातिर लागेका हुन्।

मेक्सिकोको सेनाले निरुत्साहित गरेका कारण ग्वाटेमालाका व्यक्ति स्वदेश फर्कन राजी भएका छन्।

आप्रवासीको अधिकारको रक्षा गर्ने प्रतिबद्धता व्यक्त गर्दै गत वर्ष निर्वाचित मेक्सिकोका राष्ट्रपति आन्द्रेस म्यानुएल लोपेज ओब्राडोरले प्रवासी दक्षिणी मेक्सिकोमा रहन चाहेमा ४,००० जनालाई रोजगारी दिने प्रस्ताव गर्नुभएको थियो।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका-मेक्सिको सीमामा कडाई गर्न निरन्तर दबाब दिनुभएपछि मेक्सिकोले आप्रवासीका सम्बन्धमा कडा कदम चाल्न थालेको हो। अमेरिकाले आफ्नो देशतर्फ अनधिकृतरुपमा प्रवेश गर्न चाहनेमाथि कडा कदम नचाले मेक्सिकोको विरुद्ध व्यापार शुल्क बढाउने धम्की दिएको थियो। अमेरिकाको आग्रहमा राष्ट्रपति ओब्राडोरले देशको सिमानामा करिब २६,००० सेना खटाउनुभएको छ।

# वडाकै आईए पास एक्ली दलित महिला जनप्रतिनिधी

**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

राजविराज नगरपालिकाकी उपप्रमुख साधना झाको संयोजकत्वमा गठित तीन सदस्यीय न्यायिक समितीकी सदस्यको रुपमा ३६ वर्षिया रेखा देवी खत्वे पनि छिन् ।

उनी गत स्थानीय तहको निर्वाचनमा राजपाबाट उम्मेदवार भई वडा सदस्य पदमा निर्वाचित भएकी हुन ।

राजविराज नगरपालिका ९ मलेठ घर भएकी उनी दलित समुदायमै सो वडामा सर्वाधिक पढेलेखेकी महिला हुन् । एक छोरा र दुई छोरीकी आमा उनी सो वडामा दलित समुदायमै एक्ली आइएड पास हुन् । उनका पति किसान हुन ।

रेखा राजविराज नगरपालिकाको न्यायिक समितीमा पुगी उपप्रमुखसंगै दफा उपदफा केलाएर न्याय सम्पादन कार्यमा महत्वपुर्ण योगदान पुऱ्याइरहेकी छिन् ।



**रेखा देवी खत्वे**

राजनीति र न्याय सम्पादन दुबैमा सक्रिय भएपछि विस्तारै खारिदै गएकी छिन उनी । नगर प्रमुख शम्भु प्रसाद यादव र उप्रमुख झा पनि उनको कामबाट खुशी छन् ।

संयोजक झाको कुशल नेतृत्वमा अधिकाँश मुद्दा मिलापत्र गरी टङ्ग्याउन सफल भएको रेखाले बताईन । अधिकाँश मुद्दा घरायसी हुने गरेकोले मिलापत्रमा जोड दिदै कतिपय मुद्दामा कडा निर्देशन पनि दिने गरेको बताइन् ।

अदालतको न्याय लामो र महगो हुदै गएपछि नागरिकलाई स्थानीय तहको गठित न्यायिक समिती मार्फत निशूल्क र छिटो छरितो न्याय पाउन सहज भएको उनको ठम्याई छ । न्यायिक समिति गठन भए यता नगरपालिकाको न्यायिक इजलाशमा १ सय १४ मुद्धा दर्ता भए । जस मध्ये ५० प्रतिशत फर्च्योट भइसकेको उनी बताउँछिन ।

यस्तै केही जटिल प्रकृतिका र अधिकार क्षेत्र बाहिरका मुद्धा अदालत पठाइएको छ भने बाँकी फर्च्योट प्रकृयामा रहेको उनले बताइन । इजलाशमा सबभन्दा बढी जग्गा किचलो र महिला माथी हुने घरेलु हिंसाको मुद्धा आउने गरेको छ । त्यस पछि घरायसी झगडा, शारिरीक यातना, सम्बन्ध विच्छेद, कुटपिट र लेनदेनका मुद्धा आउने गरेको उनी बताउछिन ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ पत्थरगाढा माइती भएकी उनले चरम आर्थिक अभावका वावजुद आमाबुवाले पढाउनु र पतिले पनि साथ दिदा आज यस्तो अवसर पाउन सफल भएको बताउछिन । उनले न्यायिक समितीमा पाएको जिम्मेवारीमा खरो उत्रिने गरी काम गरिरहेको र भविष्यमा यसले सकारात्मक परिणाम दिने विश्वास समेत ब्यक्त गरेकी छिन ।

# मेयर कपको फाईनलमा झुम्का प्रवेश

**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ८ पोखरीयास्थित खेलमैदानमा सञ्चालित मेयरकप २०७६ फुटबल प्रतियोगिताको फाईनलमा रामधुनी स्पोर्टस क्लब झुम्का सुनसरी प्रवेश गरेको छ ।

प्रतियोगिता अन्तर्गत बिहीवार सम्पन्न पहिलो सेमिफाईनलमा उतरबाहिनी समाजसेवा युवा क्लब बल्टीयाही सिरहालाई शुन्यका बिरुद्ध दुई गोल अन्तरले पराजित गर्दै झुम्का फाईनलमा प्रवेश गरेको हो ।

झुम्काले प्रतियोगिता अन्तर्गत शुक्रबार हुने दोश्रो सेमिफाइनल एपीएफ २ नम्बर बाहिनी बर्दिबास महोत्तरी र त्रियुगा स्पोर्टस क्लब फत्तेपुर सप्तरीबीचको बिजेतासँग फाइनलमा प्रतिष्पर्धा गर्नेछ ।

शम्भुनाथ नगरपालिकाको सहयोगमा संयासी युवा क्लब पोखरीयाको आयोजनामा शुरु भएको प्रतियोगितामा सप्तरी, सिरहा, महोत्तरी, उदयपुर, सुनसरी र मोरंगका बिभिन्न १४ क्लबको सहभागिता रहेको खेलकुद समितिका सचिव श्रवण कुमार चौधरीले जानकारी दिएका छन् ।

माघ १२ गते हुने प्रतियोगिताको बिजेताले नगद रु. ५५ हजार र कप हात पार्ने छ भने उपबिजेताले नगद रु. ४५ हजार पाउने आयोजकले जनाएको छ ।


## तिलाठी चलू ! तिलाठी चलू !! तिलाठी चलू !!!

मान्यवर, सप्तरीक तिलाठी स्थित ऐतिहासीक पाठशाला प्रागंणमे करिब एक सय वर्षसँ बेसी समयसँ प्रत्येक वर्ष आयोजना होयत आवि रहल **सरस्वती पुजनोत्सव तथा वसन्त पञ्चमी मेला अहुँवर्ष माघ १६ गते सँ २१ गते (तदनुसार ३० जनवरी सँ ४ फरबरी)** धरी संचालन होमय जा रहल अछि । उक्त अबधिमे माँ शारदेक दर्शन, पुर्जा/अर्चना सँगही मेला अवलोकन हेतु सम्पुर्ण महानुभावके सादर आमन्त्रण अछि ।

**मेलाक मुख्य आकर्षण :**

- **माघ १९, २० आ २१ गते अन्तर्राष्ट्रिय कुश्ति दंगल**
*(दंगलमे नेपाल-तथा भारतके ६० गोटयसँ बेसी ख्याती प्राप्त महिला तथा पुरुष पहलवानके सहभागिता रहत)*
- **माघ १७ आ १८ गते जिल्ला स्तरीय खुला नृत्य प्रतियोगिता**
*(प्रथम पुरस्कार नगद ११ हजार, द्वितिय पुरुस्कार ५ हजार ५ सय, तृतिय पुरुस्कार ३ हजार ५ सय आ सान्तवना पुरुस्कार २ हजार ५ सय सँगहरी आकर्षक शिल्ड तथा प्रमाण पत्र)*
- **माघ १६ गतेसँ २१ धरि प्रत्येक राति रात्रीकालिन सांस्कृतीक कार्यक्रम**
*(नाटक मंचन सँगही मिथिला क्षेत्रक चिर परिचित एवम् लोकप्रिय गायक, नृत्यांगना, बाद्यवादक आ हास्य कलाकार लोकनिक सहभागिता रहत ।)*

**प्रार्थी**
**सरस्वती पुजनोत्सव तथा बसन्त पञ्चमी मेला आयोजक समिति**
**एवम् सम्पुर्ण तिलाठी ग्रामवासी**


# चार वर्षिया बालिकाको बलात्कारका आरोपित पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ९ माघ ।**

एक चार वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले एक युवकलाई पक्राउ गरेको छ ।

खडक नगरपालिका ५ का २५ वर्षीय रामभगत चौधरीलाई सो आरोपमा बुधबार पक्राउ गरिएको इलाका प्रहरी कार्यालय कल्याणपुरले जनाएको छ ।

आरोपितले ललाइफकाइ आफ्नो घरमा लगेर माघ ३ गते बालिका बलात्कार गरेको पीडितले दिदीलाई बताएपछि घटना सार्वजनिक भएको हो ।

पीडितका बुवाले उजुरी दिएपछि प्रहरीले आरोपितलाई पक्राउ गरेको प्रहरीले जनाएको छ ।


## नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT






**एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।**

**राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल**
**राजगढ-४, वेल्ही चपेना, सप्तरी**
**सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७**



## सुनौलो अवसर! सुनौलो अवसर!! सुनौलो अवसर!!!

# युनिक सिटी क्लिनिक

यहि माघ ११ गते देखि १३ गते सम्म बरिष्ट तथा दक्ष चिकित्सकहरुद्वारा निः शुल्क स्वास्थ्य शिविर हुन गइरहेको हुँदा आफ्नो बहुमुल्य स्वास्थ्यलाई ध्यानमा राखी निःशुल्क स्वास्थ्य सेवाको फाइदा उठाउनु हुन, यस ३ दिने शिविरमा सहभागी भई आफ्नो तथा परिवारको स्वास्थ्य परीक्षण गराउन बिनम्र अनुरोध गर्दछौं ।

**हाम्रो सेवाहरू यस प्रकार छन्** :

- निःशुल्क OPD (ओ.पी.डी.) सेवा ।
- सबै किसिमको स्त्री रोग एवम् बंशानुगत रोग तथा बाझोपनको उपचारका साथै उचित सल्लाह सुझाव ।
- विभिन्न किसिमका शल्यक्रियाहरु विशेष छुटका साथ गरिने । जस्तै ब्उउभलमष्क, पित्तथैलीको पथरी, शरिरका विभिन्न भागमा मासु बढेको, हर्निया, बाबासिर, स्तन क्यान्सर, पाठेघरको खराबी तथा क्यान्सर इत्यादि ।
- हाडजोर्नी तथा नसारोगको सम्पूर्ण उपचारका साथै शल्यक्रिया विशेष छुटमा गरिनेछ ।
- सम्पूर्ण जाँचहरुमा ५०% छुट
- भिडियो X-ray मा ५०% छुट
- CT Scan मा ५०% छुट

**नोट** : माघ महिना भरी सम्पूर्ण जाँचहरु (भिडियो X-ray तथा CT Scan समेत) मा ५०% छुट दिने छ ।

**Whole Body Check up**

-RBS -CBC RFT
-TFt -LFT -USG
-ECG
(Total Rs.6,000,50% Rs.3,000)

**आयोजक :**
**सम्पूर्ण युनिक सिटी क्लिनिक**
**७ युनिक कलेज अफ मेडिकल साइन्स & हस्पिटल परिवार**

**स्थान :**
**युनिक सिटी क्लिनिक, राजविराज (गणेश मन्दिर नजिकै)**
**फोन नं. : ०३१-५२०७७६, ९८१३७२०५०८**
**समय : विहान १० बजे देखि ४ बजे सम्म**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express Money Transfer, Best Remit, Prabhu Money Transfer, IME International Money Express, himal remit हिमालरेमिट, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*